Government of Nepal
Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs & Culture
Nepal Copyright Registrar's Office

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

फाल्गुण ३०, २०६७ Volume 5, Issue 14 March 14, 2011

## Inside this issue

Emphasis on the need of Amendment of Copyright Act 2

प्रतिलिपि अधिकार संरक्षणको अवस्था र सुधारका उपायहरू (लेख) 3

प्रतिलिपि अधिकार संरक्षणका चुनौती र भविष्य (लेख) 4

प्रतिलिपि अधिकार संरक्षण प्रयासका उपलब्धि र सरोकारवालाहरूको दायित्व (लेख) 5

Training for the Officers of Law Enforcement Authorities 6

Settlement of Conflicting Cases 6

Training for College Teachers 6

Activities of MRCSN 7

Registration of Creations 8

Editorial Team:

Mr. Bir Bahadur Rai
Mr. Narayan Prasad Aryal
Mr. Bishow Bandhu Poudel

Computer & Design:

Mr. Dipendra Kachhipati
Mr. Ratnakaji Maharjan

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेको जिज्ञासा हामीलाई लेखी पठाउनु होला । यस बुलेटिनका आगामी अङ्कमा तपाईंका जिज्ञासाको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# WIPO National Seminar Held in Kathmandu



More than seventy five people those were engaged in the field of Copyright and working in the different government organizations attended a WIPO National Seminar on Collective Management of Copyright and Related Rights on August 19, 2010 in Kathmandu, Nepal. The Seminar had intended not to deal only on national and international legal framework of Copyright but also with the issues, challenges and prospects of Collective Management of Copyright and Related Rights in Nepal and their role in cultural and economic development. Addressing the inaugurating session of the Seminar that was organized jointly by World Intellectual Property Organization (WIPO) and Nepal Copyright Registrar's Office (NCRO), Modraj Dotel, Secretary of the Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs and Culture highlighted that developed nations are able to grasp a right track of development by proper use of productions of the creators and by assessing the creations of creators as a national asset and also are using copyright as an effective policy tool for economic growth and development in a fast changing world. He told that the scenario of developing countries is quite different and very few countries of our region are getting progress in the field of copyright and related rights. He also opined that the governments of such countries including Nepal are unable to reach efficiently in the all sectors of Copyright. On behalf of Government of Nepal, he thanked WIPO for the assistance provided to NCRO as well as Collecting Management Organizations (CMOs) and also requested provide further assistance in the coming days. Addressing the program, Manisekaran Amasi, Consultant from WIPO, expressed his gratitude to the Government of Nepal for remarkable steps taken for the protection of rights of creators. He assured that WIPO will continue its support to strengthen the Nepalese Copyright system. Bir Bahadur Rai, Registrar, NCRO and Shree Purush Dhakal, Chairman, Music Royalty Collection Society Nepal (MRCSN) also poured their thanks to WIPO. There were six presentations on different

Contd. on page 7



News and Events

# Emphasis on the need of Amendment of Copyright Act



Mod Raj Dotel, Secretary of the Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs and Culture has emphasized on the need of amendment in the existing Copyright Act for the protection of all kinds of creations. Addressing a regional Symposium on Copyright in Nepalgunj, Banke, on March 15, 2011 organized by Nepal Copyright Registrar's Office (NCRO), he asked all the participants to provide their valuable suggestions that are related to the lacunas in the Copyright Act and they feel that they should be amended. On the other side, he requested NCRO to expedite the activities that help for the promotion of copyright system in Nepal. At the event, on behalf of Government of Nepal, he assured all that he is always ready to provide any kind of assistance for the protection of creations of intellectuals. Basudev Dahal, Chief District Officer of Banke and Mahes Bikram Shah, Police Chief of Banke showed their anxiety over the reluctance of the creators to come to the doors of their Office in search of justice. Bishwa Jit Tiwari, President, District Bar Association, Sajan Lamsal, President, Society of Creators of Mid-western Region and Kiran Acharya, Creator as well as Chief of a College also put their views on the occasion. Three papers on different subject matters of Copyright were presented in the program by Kashiraj Dahal, President, Administrative Court, Rajan Raj Panta, Controller, Office of the Controller of Certification and Bir Bahadur Rai, Registrar, NCRO, in the whole day long program. The national and international scenario of Copyright and different treaties and conventions were highlighted by President Dahal. The program conducted by Narayan Prasad Aryal, Section Officer, NCRO was chaired by Prem Prakash Malla, a renowned creator of the nation.



## Study Report Achieved on Cinematographic Creations

Nepal Copyright Registrar's Office (NCRO) has achieved a study report from a research organization called Media for Culture with whom Office had already made an agreement with certain terms of reference. The study is related to the Cinematographic creations in Nepal from the very beginning to nowadays. The report will be a baseline to formulate the policies that are related to the protection of Cinematographic works.

## Meetings on the Issues of Registration

A lots of meetings have been held in the Office of Copyright in the presence of experts with the aim of finalizing the conflicting cases related to registration. The Office has set up a tendency to finalize the relevancy of registration of creations received in the Office and seem little bit conflicting and peculiar after a deep interaction with experts and creators.

## Assistance for MRCSN

Music Royalty Collection Society Nepal (MRCSN), a royalty collection body of lyricists and musicians, has achieved assistance from Nepal Copyright Registrar's Office (NCRO) to cover its operational cost and enable working capacity likely in the last years. Similarly, Copyright Protection Society Nepal (CPSN), a non governmental organization working in the field of Copyright, has also received some amount of assistance from NCRO for the purpose of conducting different activities those help to promote and protect the rights of Copyright owners and spray the rays of awareness about it.

## Participation in Asia-Pacific Regional Workshop

Ms. Dikchha Gautam, General Manager from Music Royalty Collection Society Nepal (MRCSN) participated in “The CISAC Asia-Pacific Regional Licensing and Exchange Workshop” in Kuala Lampur from 25th to 26th of November 2010, which was jointly organized by Music Authors' Copyright Protection (MACP) and CISAC. It was again followed up by a couple of days training for General Manager in order to train her on the basics of running a society.

## Study Concluded in Eastern Part of Nepal

Srijanshil Adhyayan Kendra Pvt. Ltd, an organization that is involved in different types of research works has concluded its study on "Organizations related to the Copyright and Related Rights in Ilam, Jhapa, Morang and Sunsari" recently. The organization has submitted a detail report after it concluded the study as it was assigned by Nepal Copyright Registrar's Office (NCRO) with a pre-determined terms of reference. The report has incorporated the list of all the Copyright related organizations of the above mentioned four districts of Eastern Nepal.



Copyright law does not protect domain names.

लेख

# प्रतिलिपि अधिकार संरक्षणको अवस्था र सुधारका उपायहरू

एकनारायण अर्याल

### प्रतिलिपि अधिकार

प्रतिलिपि अधिकार मुख्यत: व्यक्तिमा अन्तरनिहित खुबीबाट निसृत मौलिक एवं बौद्धिक रचनासँग सम्बन्धित हुन्छ। साहित्य, कला, ज्ञान विज्ञान, सूचना प्रविधि तथा अन्य क्षेत्रमा आफैले सिर्जना गरेका रचना तथा ध्वनिअंकन, प्रस्तुति र प्रसारण जस्ता क्षेत्रमा स्रष्टालाई कानूनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार (Copyright) भनिन्छ । यो अधिकार बौद्धिक सम्पत्तिको मुख्य अंशका रूपमा रहेको हुन्छ। स्पष्ट रूपमा भन्नुपर्दा रचनाको उत्पादन, पुनरुत्पादन, सर्वसाधारणमा प्रसार, अनुकरण, समायोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्न पाउने स्रष्टाको एकमुष्ट अधिकार नै प्रतिलिपि अधिकार हो। व्यक्तिको भौतिक सम्पत्ति माथिको अधिकार भन्दा पनि महत्वपूर्ण अधिकारको रूपमा यसलाई लिने विश्वव्यापी प्रचलन रही आएको छ। WIPO, WTO, UNESCO, ILO लगायतका अन्तर्राष्ट्रिय संस्थाहरू एवं अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा दर्शाइएको मान्यता बमोजिम नियमन हुने यो अधिकारको संरक्षणका लागि हामीकहाँ प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ प्रचलनमा छन्।

### प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी प्रचलित व्यवस्था

प्रतिलिपि अधिकार स्रष्टाको नैसर्गिक अधिकार भएकोले यसको संरक्षण र सम्बर्द्धन जरुरी छ। नेपालमा २०५९ पश्चात मात्र यस सम्बन्धी अधिकारको संरक्षणले गति लिन थालेको छ। साहित्य, संगीत, कला, नाटक, चलचित्र, गायन, नृत्य, अभिनय, फोटोग्राफी, आर्किटेक्ट डिजायन, टोपोग्राफी नाप नक्सा, कम्प्युटर प्रोग्राम, ज्ञान विज्ञान तथा प्रविधिको क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले सिर्जना भएका प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारको संरक्षणका लागि प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ प्रचलनमा छन्। प्रतिलिपि अधिकार ऐनले अधिकार धनीको आर्थिक तथा नैतिक अधिकार संरक्षण गर्नुका साथै संरक्षित अधिकारको उल्लंघन भएमा ऐनको दफा २७ अनुसार अनुसार पहिलो पटक कसूरको मात्रा बमोजिम दश हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने र दोश्रो पटकदेखि पटकै पिच्छे बीस हजारदेखि दुईलाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने तथा प्रकाशन वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुने व्यवस्था गरेको छ। ऐनको दफा २८ मा अनधिकार प्रतिलिपिहरूको पैठारी गरेमा त्यस्तो प्रतिलिपि जफत गरी कसूरको मात्रा अनुसार दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतिपूर्ति समेत पैठारी गर्ने व्यक्तिबाट भराई दिने व्यवस्था छ । यसबाट स्पष्ट हुन्छ की आफ्नो हक नपुग्ने वा अरूले सिर्जना गरेका मौलिक रचना तथा वस्तुहरूको अनधिकृत उत्पादन, बिक्री वितरण, सार्वजनिक सञ्चार, भाडामा दिने, रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गर्ने जस्ता कार्यहरू सम्बन्धित स्रष्टाको सहमति/स्वीकृति विना गर्न गराउन हुँदैन ।

यसका अलावा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा सहमति प्रकट गरेवापत हुने कानूनी हैसियत त्यत्तिकै बलिया देखिन्छन् । शिक्षाको स्तर र प्रतिलिपि अधिकारप्रति मानव समुदायले देखाउने सद्भावले नै यसको संरक्षणमा सकारात्मक भूमिका निर्वाह गर्न सक्दछ ।

### प्रतिलिपि अधिकार संरक्षणको अवस्था

प्रतिलिपि अधिकारको बारेमा रहेको यथार्थ जानकारी कमी तथा मानव समुदायमा देखापरिरहेको विकृति, विसंगति र नैतिकतामा आएको ह्रासको कारण प्रतिलिपि अधिकारको संरक्षणमा अनेकन समस्या देखापर्नु स्वभाविक हो । वि.सं. २०२२ मा प्रतिलिपि अधिकार ऐन आएपनि खासै कार्यान्वयनमा आउन सकेन । हाल २०५९ को प्रतिलिपि अधिकार ऐन र तत्पश्चात २०६१ मा स्थापित नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको क्रियाशीलतापछि संरक्षण संरक्षण प्रयाशले तीव्रता हासिल गरेको छ। तर पनि आशातित रूपमा स्रष्टा(सर्जक, उत्पादक, व्यवसायी, प्रयोगकर्ता, विद्यार्थी, प्रस्तोता, प्रसारण संस्था एवं ध्वनिअंकन उत्पादक सबैलाई उनीहरूको अधिकार र दायित्वको बारेमा सुसूचित गराउन सकिएको छैन। त्यस्तै सांगठनिक सुदृढीकरण, स्रोत साधनको अभाव र दीर्घकालीन राष्ट्रिय प्रतिलिपि अधिकार संरक्षण नीतिको अभावले गर्दा आशातित रूपमा संरक्षणको क्षेत्रमा कार्य हुन सकेको छैन । विश्वव्यापीकरण, प्रविधिको उच्चतम विकास र प्रयोगले गर्दा बौद्धिक सम्पत्तिको संरक्षणमा अनेकन समस्या र चुनौती हाम्रो सामु देखापरेका छन्। प्रतिलिपि अधिकारको संरक्षणमा खटिने कर्मचारी एवं प्रहरी समेत सम्बद्ध सबैको दक्षता अभिबृद्धि नहुनाले संरक्षण सम्बन्धी कार्यले आशातित गति लिन सकेको छैन भन्ने जनगुनासो रहेको छ ।

### प्रतिलिपि अधिकार संरक्षणका लागि सुधारात्मक उपायहरू

बौद्धिक सम्पत्तिको संरक्षण गरी स्रष्टामा आफ्नो रचनाप्रति अपनत्व बढाउन र बौद्धिक नैतिकताको संचारका लागि अन्तर्राष्ट्रिय जगतको जस्तै हामीकहाँ पनि देहाय बमोजिमका सुधारात्मक उपाय अवलम्बन गर्नु पर्ने देखिन्छ ।

#### (क) नीतिगत/कानूनी उपाय :

- राष्ट्रिय प्रतिलिपि अधिकार नीतिको तर्जुमा गरी कार्यान्वयन गर्ने,
- प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ को पूर्ण कार्यान्वयन एवं समसामयिक परिमार्जन गर्दै लैजाने,
- प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रचार प्रसार र पूर्ण कार्यान्वयन गर्ने,
- प्रतिलिपि अधिकार संरक्षण गर्ने सम्बन्धमा सरलीकृत निर्देशिका तयार गरी कार्यान्वयन गर्ने,
- बौद्धिक सम्पत्तिलाई मौलिक अधिकारको रूपमा स्थापित गर्नुपर्ने भएकोले अब बन्ने नयाँ संविधानमा सो कुरा समावेश गर्न पहल गर्ने ।

#### (ख) संगठनात्मक सुदृढीकरण एवं विस्तार :

- प्रतिलिपि अधिकार संरक्षणका लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई पुन:संरचना गरी रा.प.प्रथम श्रेणीको अधिकारीको नेतृत्वमा अन्य विभाग सरह बनाउनु संगठन संरचना र दरवन्दी पुनरावलोकन गर्ने,
- प्रतिलिपि अधिकारको संरक्षण र सम्बर्द्धनका लागि सचेतना अभिबृद्धि गर्न जरुरी भएकोले क्षेत्रीयस्तरमा (५ विकास क्षेत्रमा) सानो आकारमा कार्यालय रहने व्यवस्था गर्ने,
- स्वायत्त प्रकृतिको बौद्धिक सम्पत्ति संरक्षण प्राधिकरण गठन गर्ने ।
- नेपाल प्रहरीमा यस सम्बन्धी मुद्दा हेर्ने सेल गठन गर्ने ।

#### (ग) व्यवस्थापकीय उपाय :

- प्रतिलिपि अधिकार सम्बन्धी विषयलाई विद्यालयदेखि विश्वविद्यालय एवं लोकसेवा आयोगका परीक्षाको पाठ्यक्रममा समावेश गराउने,
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित तालीम कार्यक्रममा यस सम्बन्धी विषयलाई प्राथमिकताका साथ समावेश गराउने,
- यस सम्बन्धी कानूनको कार्यान्वयनमा प्रत्यक्ष/अप्रत्यक्ष संलग्न हुने निकाय, अदालत, प्रहरी, भन्सार जस्ता निकायका कर्मचारीको दक्षता अभिबृद्धि गराउने,
- सम्वद्ध निकायबीच समन्वय, समझदारी र सहयोग अभिबृद्धि गर्ने ।

यसका अतिरिक्त पर्याप्त साधन स्रोतको व्यवस्था र त्यसको उच्चतम प्रयोग एवं सरकारको प्राथमिकता जस्ता कुराहरू प्रतिलिपि अधिकार संरक्षणको सन्दर्भमा सुधारका क्षेत्रहरूभित्र पर्दछन् ।

प्रतिलिपि अधिकारको सम्बन्धमा धेरै मानिसलाई बोध नहुन पनि सक्दछ। सरकारले यो अधिकारको संरक्षणमा ठोस पहल नगरेमा स्रष्टाको मानमर्दन र इज्जतमा ठूलो धक्का पुग्न सक्दछ। बौद्धिक सम्पत्तिको संरक्षण हाम्रो जस्तो समाजका लागि प्रमुखता हो । प्रचलित ऐन कानूनमा भए गरेका प्रावधानलाई पूर्ण कार्यान्वयन गर्नु एवं आवश्यकता अनुसार कानूनमा नै परिमार्जन गर्नु आवश्यक छ। यो बच्चादेखि बृद्धसम्मका मानव जीवनमा आवश्यक पर्ने विषयलाई गहनतासाथ हामी सबैले बोध गर्नु पर्दछ। अस्तु।

*(लेखक नेपाल सरकारको सह-सचिव हुनु हुन्छ ।)*

लेख

# प्रतिलिपि अधिकार संरक्षणका चुनौती र भविष्य



वीरबहादुर राई

**पृष्ठभूमिः**

प्रतिलिपि अधिकार साहित्य, कला, सङ्गीत, फोटो लगायतका विधामा स्रष्टाले गरेको नयाँ, मौलिक र बौद्धिक सिर्जनालाई जुनसुकै रूपमा उपयोग गर्ने, गराउने र त्यसबाट आय आर्जन गर्ने जस्ता एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ। कानुनले स्रष्टालाई आर्थिक र नैतिक अधिकार प्रदान गरेको छ। यस्तो अधिकारमा आर्थिक अधिकार हस्तान्तरण गर्न सकिन्छ भने नैतिक अधिकार अहस्तान्तरीय अधिकारको रूपमा रहेको छ। विकासको गतिसँगै प्रतिलिपि अधिकारको प्रयोग र यसको क्षेत्र समेत व्यापक हुँदै गएको छ। शुरुमा साहित्य र कलाको क्षेत्रमा सीमित रहेको प्रतिलिपि अधिकार हाल फोटो, कम्प्यूटर सफ्टवेयरदेखि परम्परागत ज्ञानमा समेत यसले आफ्नो क्षेत्र ओगट्दै आएको छ।

प्रतिलिपि अधिकार (Copyright) को विषयलाई समय कालक्रमसँगै हेर्ने र बुझ्ने दृष्टिकोणमा फराकिलो हुँदै आएको पाइन्छ। नेपालमा छोटो समयमा प्रतिलिपि अधिकारको विषय सबैको चासो र महत्वको विषय बन्दै गएको छ। हुनत अझै पनि यो विषय आमजनता तथा सर्वसाधारणको लागि प्रत्यक्ष रूपमा मूल विषय भने बन्न सकेको छैन। प्रत्येक व्यक्तिले प्रत्येक दिन कुनै न कुनै रूपमा बौद्धिक विषयलाई प्रयोग तथा उपभोग गर्दै आएको भएपनि कानुनी र यसको मर्म अनुरूप आत्मसाथ गर्न भने सकेका छैनन्। तर पनि स्रष्टा/सर्जक, यसका उत्पादक, वितरक र उपयोगकर्ता सबैले प्रतिलिपि अधिकारको विषयलाई एक महत्वपूर्ण र संवेदनशील विषय हो भन्ने विषयमा आफ्नो धारणाहरूमा परिवर्तन गर्दै प्राथमिकताका साथ लिन थालेका छन्।

**प्रतिलिपि अधिकार र विस्तारित क्षेत्र**

प्रतिलिपि अधिकारको विषय पूर्णरूपमा बौद्धिक विषय हो र यसको सिर्जनाको लागि बौद्धिकताको आवश्यकता पर्दछ। यो विषय साहित्य कला र सङ्गीतका साथै कम्प्यूटर सफ्टवेयर, फिल्म, वैज्ञानिक रचना, फोटोग्राफिक आदि विषयसँगै वृहत्तर हुँदै गएको छ। अझ वर्तमान समयमा परम्परागत ज्ञान (Traditional Knowledge) को क्षेत्रलाई समेत ओगट्न थालेको छ। परम्परागत ज्ञानलाई सही रूपमा व्यवस्थापन, संरक्षण र सम्बर्द्धन गर्ने विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) ले समेत उच्च प्राथमिकताकासाथ उठान गर्दै आएको छ। नेपालमा परम्परागत ज्ञान, सांस्कृतिक र विविध सम्पदाको धनी मुलुकको लागि त अझ बढी महत्व राख्दछ।

**कार्यान्वयनको अवस्था**

नेपालमा विगत केही समयदेखि प्रतिलिपि अधिकारको विषयमा सरकारी, गैर सरकारी र सम्बद्ध सरोकारहरूबाट एकीकृत रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले सञ्चालन गरेको विभिन्न चेतनामूलक कार्यक्रम, तालीम, गोष्ठी, अन्तरक्रिया आदिबाट सम्बद्ध सरोकारवाला र कार्यान्वयन निकायलाई सकारात्मक सहयोग पुगेको छ। स्रष्टाहरू आफ्ना सिर्जनाको प्रयोग कसरी भइरहेको छ यस बारेमा चनाखो भई गलत र अनधिकृत रूपमा प्रयोग भएको भए सम्बद्ध कार्यान्वयन निकायमा मौखिक तथा लिखित रूपमा जानकारी र उजुरी गर्ने र आफ्नो पक्षमा वकालत गर्ने संस्था CMO मा समेत जानकारी र आफ्ना कुराहरू राख्न थालेका छन्। स्रष्टाहरू आफ्ना सिर्जनाप्रति सचेत हुन थालेका छन्। यसबाट स्रष्टाहरूमा जागरुकता र चेतनाको स्तर बढेको पाइएको छ भने अनधिकृत रूपमा अर्काको सिर्जना प्रयोग गर्नेहरूलाई कानुनी कारवाहीको दायरामा ल्याउने कार्यमा बढोत्तरी भएको छ।

**अनधिकृत प्रयोगमा प्रहरीद्वारा कारवाही**

प्रतिलिपि अधिकारयुक्त सामग्रीको अनधिकृत प्रयोग गरी रातारात धनी हुने तर स्रष्टाको सिर्जना वापतको आर्थिक अधिकारको दुरुपयोग गर्ने विभिन्न व्यक्ति तथा संस्थालाई नेपाल प्रहरीबाट उच्च प्राथमिकतासाथ कारवाहीलाई तदारुकताकासाथ अगाडि बढाउने कार्य भएको छ। यसबाट आम स्रष्टामा सकारात्मक प्रभाव परेको छ भने अर्कोतिर त्यसरी अनधिकृत रूपमा प्रयोग गरी अर्काको बौद्धिक सम्पति विना मूल्य प्रयोग गर्नेहरू कानुनी कठघरामा आउन थालेका छन्। यसले समाज र स्रष्टाहरूमा सकारात्मक सन्देश गएको मात्र हैन स्रष्टामा आशाको किरण फैलिएको छ। यसको लागि नेपाल प्रहरी धन्यवादका पात्र बन्न सकेको छ। राज्यको संयन्त्रप्रति आमजनताको धारणामा केवल नकारात्मक सोच मात्र विकास भइरहेको अवस्थामा कानुन कार्यान्वयन गर्ने निकायबाट भएको यस प्रकारको काम कारवाही, सम्बद्ध स्रष्टामा वृद्धि भएको चेतनाको स्तर, सरोकारवालाहरूले देखाएको उत्सुकता र विधागत CMO को स्रष्टाप्रतिका जागरुकताको कारण आम स्रष्टाले भविष्यमा आर्थिक र नैतिक अधिकारको सुनिश्चित हुने कुरामा निकै हदसम्म ढुक्क हुने अवस्था सिर्जना भएको छ।

**चुनौती**

विगतको इतिहासलाई हेरी तुलना गर्दा सकारात्मक अवस्था देखिएको भएपनि धेरै विषय र क्षेत्रमा प्रशस्त चुनौतीहरू रहेका छन्। सर्वप्रथम आमस्रष्टा सर्जकको सिर्जनाको सही उपयोग र उनीहरूको आर्थिक तथा नैतिक अधिकारलाई संरक्षणको सुनिश्चितता गर्नु हो। विज्ञान र प्रविधिले विभिन्न क्षेत्रमा सहजता र सरलता ल्याई दिएको छ भने अर्कोतिर यसबाट सजिलैसित दुरुपयोग गर्न सक्ने अवस्था पनि रहेको छ जसले आमस्रष्टाको सिर्जनाको आर्थिक र नैतिक अधिकारमा असर पुग्न गएको छ। सिर्जना कुनै वस्तु उत्पादन गर्नु र खरीद गर्नु जस्तो विषय नभएर लामो समय, श्रम र बौद्धिक लगानीको साथै आर्थिक लगानी समेत गर्नु पर्ने हुन्छ भन्ने विषयलाई समस्त उपभोक्ता र प्रयोगकर्ताले जानकारी र महत्व नराख्नु र राज्यले समस्त स्रष्टालाई कानुनी आधारमा संरक्षण प्रदान गर्दै उनीहरूको आर्थिक र नैतिक अधिकारको पूर्ण रूपमा प्रत्याभूत गराउनु आदि रहेका छन्।

**प्रतिलिपि अधिकारको भविष्य**

विगतमा प्रतिलिपि अधिकारको विषयमा धेरै कमले मात्र चासो र जानकारी लिने गरेकोमा अहिले सरकारी, गैर सरकारी, सञ्चार माध्यम, सम्बद्ध सरोकारवालाहरू सबैले व्यापक रूपमा चासो मात्र हैन आ-आफ्नो क्षेत्रबाट सक्दो कार्य गर्ने वातावरण निर्माण भएको छ। उत्पादक, डिष्ट्रिब्यूटर र व्यवस्थापनमा लागेका (CMO) सबैले एक साथ यसको पक्षमा कार्य गर्न थालेबाट यसको संरक्षण, प्रवर्धन र आर्थिक तथा नैतिक अधिकारको सुनिश्चितता हुने कुरामा आशावादी हुन सकिने अवस्था बन्न थालेको छ। यसले भोलिको समुन्नत समाज र उन्नत राष्ट्रको कल्पना गर्न र हाम्रो आदर्श समाजको निर्माणमा सहयोग पुग्न सक्ने अवस्था देखिएको छ।

**निष्कर्ष**

सुधार र विकास एकै दिनमा हुँदैन र अन्तिम पनि हुँदैन यो निरन्तर चलिरहने प्रक्रिया हो। विगत र वर्तमान भन्दा भविष्यमा अझ राम्रा र विकसित हुन्छ भन्ने मान्यता रहेको हुन्छ। यसको लागि विगतका कमी कमजोरी र समस्याको विश्लेषण र मूल्याङ्कन गर्दै वर्तमानमा हाम्रा सामु रहेका चुनौतीलाई भविष्यमा कम गर्ने र हटाउनको लागि चालिनु पर्ने रणनीतिहरूको सही रूपमा पहिचान गर्ने र सोही अनुरूप कार्यनीतिहरू निर्माण गरी आवश्यक कदमहरू चाल्न सकेको खण्डमा हाम्रा लक्ष्य, उद्देश्य र स्रष्टाको सिर्जनाको सही रूपमा प्रयोग हुन सक्ने कुरामा विश्वस्त हुन सकिने हुन्छ। यसर्थ प्रतिलिपि अधिकारको विषयमा सम्बद्ध सबै क्षेत्रको सकारात्मक सहयोग र समन्वयको आवश्यकता रहेको छ। जसबाट हिजो आम स्रष्टाले भोग्नु परेको कहाली लाग्दो अवस्थामा पक्कै पनि सुधार मात्र हैन आगामी दिनमा उनीहरूको आर्थिक र नैतिक अधिकारको प्रत्याभूती हुने कुरामा विश्वस्त हुन सकिन्छ।

लेख

# प्रतिलिपि अधिकार संरक्षण प्रयासका उपलब्धि र दायित्व



नारायणप्रसाद अर्याल

**पृष्ठभूमि**

साहित्यिक, सांगीतिक तथा कलाजन्य सिर्जना, वैज्ञानिक लेख रचना, कम्प्युटर सफ्टवेयर, चलचित्र लगायतका क्षेत्रमा कसैले गरेका सिर्जनाउपर उसैलाई एकलौटी रुपमा (Exclusively) रहने विभिन्न प्रकारका अधिकारहरुको समष्टि (Bundle of rights) नै वास्तवमा प्रतिलिपि अधिकार हो । नैतिक तथा आर्थिक अधिकारको रुपमा रहने यस्तो अधिकारभित्र स्रष्टालाई ती सिर्जना विभिन्न रूपमा पुनःउत्पादन गर्ने, अन्य भाषामा अनुवाद गर्ने, रचनाको मूल र प्रतिलिपि बिक्री वितरण गर्ने वा बहालमा दिने, सार्वजनिक प्रदर्शन गर्ने, जनसमक्ष प्रस्तुति गर्ने, परिमार्जन वा संशोधन गर्ने, संयोजन तथा अन्य रुपान्तरण गर्ने, प्रतिलिपि आयात गर्ने, रचनामा आफ्नो नाम उल्लेख गर्ने तथा गर्न लगाउने, छद्म नाम उल्लेख गर्ने, कसैले रचनालाई बङ्ग्याई वा विकृत गरी सम्मान वा ख्याति गिराउने काम गरेमा सो रोक्ने एवं संशोधन वा परिमार्जन गर्ने जस्ता अधिकार पर्दछन । कसैले पनि स्रष्टा वा अधिकारधनीको स्वीकृति नलिई आफूलाई आयआर्जन हुने गरी वा व्यावसायिक हिसावले उनीहरुका सिर्जनाको सार्वजनिक प्रयोग गरे गराए अर्थात Fair use principle विरुद्धको कार्य गरेमा त्यो अधिकार उल्लंघन मानिन्छ । यसरी हुने अधिकारको उल्लंघनलाई विभिन्न मुलुकले राष्ट्रिय कानूनद्वारा कारवाहीको दायरामा राख्ने गर्दछन् । नेपालमा यस्तो कार्यलाई फौजदारी अपराध सरह मानिने व्यवस्था गरिएको छ ।

**प्रतिलिपि अधिकार संरक्षण प्रयास र उपलब्धि**

सिर्जनाकार तथा अधिकार धनीका अधिकारको उल्लंघन हुन नदिने वा संरक्षण प्रदान गर्ने उद्देश्यले बेलायतले सर्वप्रथम सन् १७१० तिर कानूनी व्यवस्था गरेको थियो । अमेरिकाले सन् १७९० तथा छिमेकी भारतले १९५७ मा कानून बनाई स्रष्टा अधिकार संरक्षणको कार्यलाई अग्रता दिंदै आएको पाइन्छ । नेपालले यसतर्फको पहिलो यात्रा वि.सं. २०२२ मा प्रतिलिपि अधिकार ऐन तर्जुमा गरी आरम्भ गरेको थियो । मौलिक एवं बौद्धिक रुपमा स्रष्टा मस्तिष्कको उपज स्वरुप अभिव्यक्त हुने साहित्यिक तथा कलात्मक रचनाहरुलाई संरक्षण दिने प्रक्रिया वि.सं. २०२२ सालदेखि शुरु भए पनि कार्यविधिगत एवं प्रक्रियागत विषयहरुलाई समेटी नियमावली ल्याउने काम लामो समयसम्म अधुरै रह्यो । यसले गर्दा सिर्जनाकारका अधिकार संरक्षणको प्रयासले सार्थक गति लिन सकेन । ऐन आएको करिब अढाई दशकपछि वि.सं. २०४६ सालमा मात्र नियमावली आएपछि रचना दर्ता प्रक्रिया आरम्भ हुन सक्यो । तर यस विषयलाई नियमन गर्ने बेग्लै निकायको अभाव भने निकै पछिसम्म खट्किरह्यो ।

पछिल्लो समय WIPO, WTO, UNESCO लगायतका संस्थाको बढ्दो सक्रियता एवं यिनमा जनाएको आवद्धता तथा अन्य अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा सम्मिलन गरेपश्चात बाध्यकारी रुपमा पालना गर्ने दायित्व थपिंदै गए । सोही क्रममा प्रतिलिपि अधिकार संरक्षणको विषयलाई पनि प्राथमिकतामा राख्नुपर्ने महसुस गरी यसतर्फको प्रयासलाई तीव्रता दिइयो ।

**प्रतिलिपि अधिकार संरक्षण प्रयासका प्रमुख उपलब्धिहरु**

प्रतिलिपि अधिकार संरक्षणका पछिल्ला प्रयासबाट भएका प्रमुख उपलब्धिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- नयाँ प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ को निर्माण एवं कार्यान्वयन,
- संस्कृति मन्त्रालय मातहत रहने गरी विभागस्तरीय हैसियतमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना,
- सम्बन्धित क्षेत्रका सिर्जनाको सार्वजनिक एवं व्यावसायिक प्रयोगवापत रोयल्टी उठाउने गरी संगीत रोयल्टी संकलन समाज नेपाल र नेपाल गायन समाज नामक दुईवटा रोयल्टी संकलन संस्थाको स्थापना । प्रतिलिपि अधिकार संरक्षण समाज नामक गैरसरकारी संस्थाको सुदृढीकरण,
- कार्यालयको पहलमा प्रतिलिपि अधिकार सम्बन्धी तालिम पाठ्यक्रम निर्माण एवं विभिन्न तालिम प्रदायक संस्थाहरुको पाठ्यक्रममा समाविष्ट,
- Berne Convention for the Protection of Literary and Artistic Works, 1886 मा सम्मिलन,
- International Union for the Protection of Literary and Artistic Works (Berne Union) को सदस्य,
- Agreement on Trade Related Aspects of Intellectual Property Rights (TRIPS), 1994 को पक्ष,
- World Intellectual Property Organization (WIPO) को सदस्यता,
- The Rome Convention for the Protection of Performers, Producers of Phonograms and Broadcasting Organizations, 1961/WIPO Performers & Phonograms Treaty, 1996/WIPO Copyright Treaty, 1996 लगायतमा प्रवेश गर्दा हुने लाभहानी पहिल्याउने सन्दर्भमा अध्ययन,
- कार्यालयलाई प्रतिलिपि अधिकारसम्बन्धी सूचना केन्द्रको रुपमा विकास गरिएको,
- Dynamic website निर्माण एवं दर्ता भएका रचनाहरुको वेभसाइटमा इन्ट्रि,
- वि.सं. २०६७ फागुनको अन्त्यसम्म ७८९ रचना दर्ता,
- विभिन्न विषयमा अध्ययन अनुसन्धान,
- एक सय भन्दा वढी जिल्ला न्यायाधीश तथा सो भन्दा निकै बढी संख्यामा नेपाल प्रहरीका अधिकृत एवं अन्य कानून कार्यान्वयन गर्ने निकायका कर्मचारीलाई क्षमता अभिवृद्धिमूलक तालिम,
- विभिन्न प्रकारका श्रव्य तथा श्रव्यदृश्य प्रचार सामग्रीको निर्माण एवं प्रसारणमार्फत जनचेतनामा बढोत्तरी,
- अधिकार हनन विरुद्ध उजुरी तथा मुद्दा पर्ने एवं स्रष्टाका पक्षका फैसला हुने क्रममा वृद्धि ।
- नेपाल प्रहरीमा अलग्गै बौद्धिक सम्पत्ति सेल एवं स्वायत्त बौद्धिक सम्पत्ति प्राधिकरण स्थापनाको बहस आरम्भ आदि ।

**अधिकार संरक्षणमा विभिन्न क्षेत्रको दायित्व**

प्रतिलिपि अधिकार संरक्षणमा एक्लो सरकारी प्रयास अबका दिनमा अप्रभावकारी हुने मात्र होइन निस्प्रभावी नै हुन्छ । यसको प्रभावकारी संरक्षणका लागि सरकारी एवं गैरसरकारी क्षेत्र तथा सम्बन्धित स्रष्टा सर्जक लगायतले देहाय बमोजिमको दायित्व निभाउनु जरुरी देखिन्छ ।

**(क) कानून कार्यान्वयन गर्ने सरकारी निकायको दायित्वः**

- Preventive measures अपनाउने स्रष्टाको अधिकार उल्लंघन भए नभएको सम्बन्धमा स्वःजानकार रहने र रोक्न प्रयत्नशील हुने,
- Promotional measures अपनाउने बहस, पैरवी, छलफल चलाउने,
- Curative measures अपनाउने पर्न आएका उजुरी सहजै स्वीकार गरी आवश्यक कारबाही अगाडी बढाउने,
- प्रतिलिपि अधिकार उल्लंघन फौजदारी अपराध ठहर्ने, मुद्दा सरकारवादी हुने एवं संक्षिप्त कार्यविधि ऐन अन्तर्गत टुङ्ग्याउनु पर्नेतर्फ सचेत रहने,
- स्रष्टाका नवीन सिर्जना बिना राज्य यथास्थितिबाट माथि उठ्न नसक्ने मनन गरी यिनको हक अधिकार संरक्षणतर्फ थप पहल कदमी लिने ।

**(ख) स्रष्टा-सर्जकको दायित्वः**

- आफ्ना हक अधिकारप्रति सुसूचित रहने,
- अधिकार संरक्षणमा राज्यको एक्लो प्रयास पर्याप्त नहुने हुँदा Pro-active बन्ने,
- Zero tolerance संस्कृतिको विकास गर्ने,
- अरुको अधिकार उल्लंघन भए नभएको एवं हुन सक्नेतर्फ सचेत रहने,
- गैरकानूनी कार्य विरुद्ध सम्बन्धित निकायमा उजुरी पुऱ्याउने,
- Advocacy, Sensitization एवं Educating programs गर्ने तथा सहभागी बन्ने,
- अधिकार उल्लंघनको मुद्दा सरकारले लडिदिने कुरामा जानकार रहने ।

**(ग) अन्य सरोकारवालाको दायित्वः**

- मौलिक सिर्जनाको प्रयोगमा अभ्यस्त बन्ने र सोको प्रवर्द्धन गर्ने,
- सर्जकको सिर्जना र भावनाको सम्मान गर्ने बानी बसाली अरुलाई उदाहरण बनी देखाउने,
- नक्कली सामग्री प्रयोगबाट उत्पन्न हुनसक्ने जोखिमतर्फ सचेत रहने,
- स्रष्टाको जीवनस्तर र राष्ट्रिय ढुकुटीमा योगदान पुऱ्याउने,
- दण्ड, जरिवाना र जेल सजाय हुन सक्नेतर्फ सजग बन्ने,
- प्रतिलिपि अधिकार उल्लंघनकर्ताको मनोबल घटाउन प्रयत्नरत रहने आदि ।

News and Events

# Training for the Officers of Law Enforcement Authorities

About thirty participants from different Offices those are related to the enforcement of Copyright legislation have been attended a two-days long training in Hetauda, Makawanpur on January 20-21, 2011that was organized by Nepal Copyright Registrar's Office (NCRO). The training was aimed to provide basic knowledge of Copyright to the Officers representing from the Offices like Nepal Police, District Attorney General, Custom and Court situated in the region. Inaugurating the training, Modraj Dotel, Secretary of the Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs and Culture stressed upon the effective enforcement of Copyright law by the development of capacity of the related organizations and personnel as well. He also highlighted the need of separate unit in Nepal Police to deal with the issues of Intellectual Property. On behalf of the Government of Nepal, Dotel made his commitment to support in every step of NCRO for the establishment of proper Copyright system in Nepal. Lastly, he requested all the participants to be benefited as they could from the training. Dinesh Bhattarai, CDO, Makawanpur, Nimesh Nikhil, Creator, Mohan Raj Sharma, Superintendent of Police, Shankar Raj Baral, Chief, Appellate Office of Attorney General and Pratap Bista, journalist had also addressed to the opening ceremony of the training. Altogether, more than six papers by different personality working in the sector of Copyright were presented in the two days long program. Speaking at the closing ceremony, Bir Bahadur Rai, Registrar of NCRO expressed his belief upon the participants that they would work in the favor of creators in the future.

# Training for College Teachers

Nepal Copyright Registrar's Office (NCRO) organized a one day training in Pokhara, Kaski, on February 24, 2011 for the College teachers focusing on the "Role of Educational Sector for the Protection of Copyright". More than five dozen teachers who were working in the different Colleges of the region attended the program. Bir Bahadur Rai, Registrar, NCRO, Rajan Raj Pant, Controller, Office of the Controller of Certification and Raj Kumar Suwal, Lecturer, Kathmandu School of Law aired their views in the program while they presented their papers on the different issues of Copyright and Related Rights respectively. Mr. Rai requested all the teachers to be more sensible if there is problem of infringement of their own creations. He also asked them to be an integral part of NCRO and support the campaign of public awareness that is continue for a long time. Narayan Prasad Aryal, Section Officer, NCRO had highlighted upon the objective of the program and expectation of the Office from the intellectual participants of the program. Lots of participants raised different queries in the program. The program that opened unofficially was closed with the concluding remarks by Mr. Rai.

## Meeting with NTC

A meeting was held on December 28, 2011 between Nepal Telecom Corporation (NTC) and Music Royalty Collection Society Nepal (MRCSN) in order to discuss the issues related to CRBT royalty payment. MRCSN pleaded NTC to provide CRBT royalty payment directly to its members on the ground of being the only authorized society working for the benefit of lyricists & composers. The proposal was looked positively and the possibility of getting a royalty share from only NTC was also discussed at the meeting.

## Royalty Distribution Program Held

Music Royalty Collection Society Nepal (MRCSN) second royalty distribution program was organized in Royal Academy Hall at Kamaladi on January 14, 2011. A total amount of Rs. 2,94,359.48 was distributed to forty three artists. Furthermore, a total of nineteen authors, thirteen composers and eleven singers received Rs. 70006.65, Rs. 142875.23 and Rs. 81477.60 respectively. Shree Alok Shree received a total of Rs. 96,823.58, one of the biggest amounts when compared to both royalty distribution programs so far organized by MRCSN.

## Monitoring in Different Places

The probable places of the country for the infringement of Copyright have been monitored by the staffs of Nepal Copyright Registrar's Office regularly. The objective of the monitoring is to find out the status of protection as well as infringement of Copyrightable materials.

## Distribution of Informative Materials

A large amount of informative materials like bulletin, brochure, Copyright Act have been distributed in the different places of the country regularly by Nepal Copyright Registrar's Office. The ultimate objective of this regular distribution is to make a large number of people aware about Copyright and Related Rights. Similarly, its additional objective is to sensitize the Copyright law enforcing authorities while they deal the cases related to Copyright.

## Settlement of Conflicting Cases

Most of the cases related to the Copyright those registered in the Office of Copyright Registrar have been settled down with the strenuous effort of Office. As the tendency of new creation has been increased, number of cases those come to the Office also has been increased continuously. NCRO has started to send the serious as well as the unsolved cased by the endeavor of the Office to Nepal Police for further necessary actions.

## Participation in the Training

Bir Bahadur Rai, Registrar of Nepal Copyright Registrar's Office has been participated in a nineteen-days long training on "Copyright and Related Rights in the Global Economy" that took place in Stockholm, Sweden, from September 27 to October 15, 2010. The training was organized by World Intellectual Property Organization (WIPO) in cooperation with the Government of Sweden and the Swidish Patent and Registration Office (PRV).

## Study Report Submitted

The Speed Nepal, a research organsization, has submitted its report after concluding a research task that had given by an agreement by Nepal Copyright Registrar's Office. The Office had made an agreement with the organization requesting to submit a study report on the "Situation of Utilization of Call Ring Back Tone (CRBT) and the Benefit from It" before sometime. The report has analyzed different aspects of CRBT. It has listed the names of mobile service providers and the aggregators. A small glimpse can be drawn about the multidimensional effect of CRBT from the report.

Contd. from page 1





subjects by the speakers like Ang Kwee Tiang, Regional Director for Asia and Pacific and Counsel, the International Confederation of Societies of Authors and Composers (CISAC), Singapore, Manisekaran Amasi, Dr. Bal Bahadur Mukhia and Pustun Pradhan, Associate Professors in Tribhuwan University, Nepal. Lastly, in a panel discussion on "the way forward: developing a viable and effective CMO in Nepal" all the speakers and participants aired their views. The whole Seminar was conducted by Narayan Prasad Aryal, Section Officer, NCRO.

At the same time, the Expert Advisory Mission on Collective Management Organizations from WIPO held meetings on August18th & 20th, 2011 with the Secretary of the Ministry of Culture, members of MRCSN and Nepal Singing Society (NSS) as well as Registrar of NCRO. The sole objective of all the activities was to strengthen the capacity of existing CMOs and establish a effective Copyright system in Nepal.

# Participation in a Study Visit

Nepal has participated in a WIPO/Japan study visit to Collective Management Organizations in Tokyo, Japan from October 25 to 29, 2010. The visit was organized by World Intellectual Property Organization (WIPO) in cooperation with the Japan Copyright Office (JCO). Six people including Narayan Prasad Aryal, Section Officer, Nepal Copyright Registrar's Office (NCRO), Bishow Bandhu Poudel, Legal Officer, NCRO, Shreepurush Dhakal, Chairman, Music Royalty Collection Society Nepal



(MRCSN), Sunil Raj Upreti, Chief Executive Officer of MRCSN, Ram Krishna Dhakal, President, Nepal Singing Society (NSS) and Reema Gurung Hoda Shrestha, Treasurer of NSS got opportunity to attend the study visit in different CMOs and music companies situated in TOkyo, Japan. The objective of the visit was to provide knowledge about the pattern of royalty collection from the users and distribution to the creators. It had also aimed to provide information about the Japanese copyright legislation.

# Activities of MRCSN

- With arrival of Mr. Frode Lovik from NORCODE and Mr. Svein Korshamn (TONO), an interaction with various associations was held at Music Royalty Collection Society Nepal (MRCSN) Office on February 16, 2011. The subjects discussed were the piracy in the music industry, more awareness programs to be organized by the government, promotion of Nepali folk music, piracy control and speeding of MRCSN duties. On the same day, a meeting with Mr. Raj K Suwal from Center of Intellectual Property Nepal Pvt. Ltd (CIPN) was held, who actually stressed for performing rights for performers and discussed if MRCSN can act as an umbrella organization and license for every other right too.
- On February 17, 2011 a meeting with Mr. Mod Raj Dotel, Secretary of the Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs and Culture was held at Singha Durbar, where the topics discussed were government to provide assistance to CMO in the process of negotiations and establish some principle cases; copyright amendment; review the definition of performer's rights and anti-piracy campaigns. On the same day, a dinner program was organized, where all the stakeholders of music were invited to come together to discuss the issues in relation to MRCSN.
- On February 18, 2011 Indian Performing Rights Society (IPRS), on the other hand provided MRCSN with the logistics support of three computers and a printer.

## Workshop on CRBT

A workshop on Caller Ring Back Tones (CRBT) was organized at the Office of Music Royalty Collection Society Nepal (MRCSN) on December 27, 2011 where forty people including the members from MRCSN, media as well as from various organizations were invited to participate and put their ideas forward. The current situation with regards to payment of CRBT royalty was presented followed by various comments in the program.

### Registration of Creations up to March 14, 2011




**Total: 789**

## प्रतिलिपि अधिकार संरक्षण गर्न तथा सम्भावित दण्ड सजायबाट बच्न देहायको सचेतना अपनाऔं :-

- नयाँ, बौद्धिक र मौलिक सिर्जना गर्ने बानी बसालौं ।
- कसैका साहित्यिक रचनाको उद्धरणको नियम बाहिर गई ठूलो अंशमा साभार तथा उल्लेख्य मात्रामा फोटोकपि गर्ने, अरूका फोटोजन्य रचनालाई आफ्नो नाममा छपाउने, अरूका सांगीतिक सिर्जनाको डबिङ्ग गरी पुन:उत्पादन तथा अनुमति विनै रिमिक्स गर्ने, अर्केका कम्प्युटर सफ्टवेयरको नक्कल गरी निकाल्ने तथा कुनै चलचित्रको गैरकानूनी उत्पादन र बिक्री वितरण गरी आयआर्जन गर्ने लगायतका वास्तविक स्रष्टालाई क्षति पुग्ने कार्य नगरौं ।
- अरूका सिर्जनालाई आफ्नो दावी गर्ने तथा प्रसारणपूर्व सम्पूर्ण स्रष्टाको नाम उल्लेख नगर्ने परम्परा त्यागौं ।
- आफ्ना रचना नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता गराऔं ।
- आफ्ना सिर्जनाहरू कसैले अनधिकृत तवरले उपयोग गरी फाइदा लिए नलिएको सम्बन्धमा सधैं चनाखो बनौं ।
- अधिकार उल्लंघनका विरुद्ध नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय वा सम्बन्धित प्रहरी कार्यालयमा उजुर गर्ने गरौं ।
- स्रष्टा र तिनका सिर्जना राष्ट्रका अमूल्य नीधि भएकोले यिनको सम्मान खातिर जुटौं ।
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको सम्बन्धमा जति सक्दो धेरैलाई जानकारी दिन आवश्यक प्रचार प्रसार गरौं ।
- रचनाहरूको सार्वजनिक तथा व्यवसायिक प्रयोग वापत रोयल्टी उठाई वितरण गर्ने प्रयोजनले गठन भएका रोयल्टी संकलन संस्थाहरूको सदस्य बनौं ।
- सक्कली सिर्जनाहरूको मात्र प्रयोग गरी स्रष्टाको जिविकोपार्जन एवं प्रतिलिपि अधिकार संरक्षण गर्ने राज्यको दायित्वमा टेवा पुऱ्याऔं ।

## सम्पादकीय



वीरबहादुर राई
रजिष्ट्रार

### स्रष्टाको सम्मान : राष्ट्रको सम्मान

नेपाली समाजमा अझै पनि तमाम स्राष्टाले आफ्नो सिर्जनाको सही मूल्य र सम्मान पाउन नसकेको भनी गुनासोहरू आउने गरेका छन् । स्रष्टाद्वारा सिर्जित विषय एक व्यक्ति, समुदाय, समाजको मात्र सम्पति नभएर राष्ट्रको सम्पतिको रूपमा रहेको हुन्छ । हामीबीच अत्यन्त गहकीला र सम्मानित स्रष्टा सर्जकहरू रहनु साथै वहाँहरूद्वारा सिर्जित त्यस्ता सिर्जनाको महत्व र मूल्य नबुभ्दा न त उनीहरूको सिर्जनाबाट सही रूपमा आर्थिक लाभ लिन सकेका छन् नत राज्यले संरक्षण गरी सम्मानित रूपमा उपयोग र प्रयोग गर्न सकेको छ । धेरै सिर्जनाहरू चोरी भएर, अर्काले आफ्नो नामबाट प्रकाशन गर्ने गरेका घटनाहरू भएका समाचारहरू कहिले काहि सार्वजनिक छापामा आउने गरेका छन् । सर्जक/स्रष्टाको सिर्जनाको महत्व र उसको भावनालाई भित्री रूपमा बुझ्न सकिएन भने त्यसता सिर्जनाको प्रयोगमा समेत सही रूपमा उपयोग गर्न सक्दैन ।

नेपालमा सिर्जनाको पक्षलाई हेर्ने हो भने यसको व्यापकता र विस्तृत रूपमा फैलिएको छ । कतिपय समयमा साहित्यका केही विधालाई मात्र सिर्जनाका रूपमा लिने गरिएको पछिल्लो समयमा गीत, सङ्गीत, कला, चलचित्र, कम्प्यूटर सफ्टवेयर, आदि विविध क्षेत्र र विधा रहेका छन् । यी सबैलाई राज्यको तर्फबाट समान रूपमा सम्बोधन गर्दै आम स्रष्टालाई समान रूपमा सम्मान गर्न सकिएको खण्डमा समग्र विधाका स्रष्टाहरूको आफ्नो सिर्जनाको सम्मान हुनुको साथै ती क्षेत्र/विधाका स्रष्टाहरूले राज्यको समुन्नत विकासप्रति सकारात्मक धारणा बनाउनुका साथै आफ्नो सिर्जनामा विविधता र नयाँपन दिन सक्ने हुन जान्छ ।

सिर्जनालाई केवल प्रयोग गर्ने आफ्नो स्वार्थलाई मात्र पूरा गर्न थालेको खण्डमा भोलिका दिनमा नयाँ सिर्जनाको जन्म नहुन सक्दछ । सिर्जनाले फल्न र फूल्न पाएको खण्डमा त्यसका अन्य क्षेत्र र विधामा समेत उत्तिकै महत्वका साथ नयाँपन र नयाँ सिर्जना थपिन सक्दछ । हिजोको दिनमा धेरैजसो विधाका स्रष्टाले कित आफ्नो सौखको लागि कित आफ्नो भावनालाई लिपिबद्ध गर्ने सन्दर्भमा मात्र सिर्जना गर्ने गरेका थिए ।

हामीले हिजोको समयमा सिर्जनालाई सही रूपमा सम्बोधन नगर्नुका साथै त्यसको महत्व र स्रष्टाको आन्तरिक र भावनाका विषयलाई संवेदनशील भएर सम्बोधन गर्ने प्रयास नगर्दा कतिपय राम्रा सिर्जनाहरू हराएर गएका थिए तर आज यस्ता विषयमा राज्यले थोरै भएपनि सम्बोधन गर्ने र उनीहरूको आवाज र अधिकारको बारेमा होस्टेमा हैसे गर्न थालेको भएपनि पूर्ण रूपमा उनीहरूको पक्षमा सम्मान र कार्य गर्न सकिएको नभएपनि सकारात्मक शुरुवात हुन थालेको छ । यसमा आदरणीय स्रष्टा र सर्जकले समेत हाम्रा हातहरूलाई सकारात्मक रूपमा लिई सिर्जनालाई विसौनीको रूपमा नलिई अझ प्रखर रूपमा अघि बढ्नु उपयुक्त हुन आएको देखिन्छ । राज्यले अब सिर्जनालाई राष्ट्रको अमूल्य सम्पत्तिको रूपमा लिई उनीहरूप्रति वास्तविक सम्मान हुन सकेमा राम्रा सिर्जनाको जन्म मात्र हैन समग्र समाज, समुदाय र राष्ट्र आदर्श बन्न सक्दछ त्यसैले हामीले हेक्का राख्नु पर्दछ कि "स्रष्टाको सम्मान नै राष्ट्रको सम्मान" हो ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।



आफ्नो सिर्जनाको संरक्षणमा सर्जक आफै पनि सजग बनौं ।